# सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ३, संख्या ८**
**पौष ११ गते २०७६ साल**


# भाग २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको निर्देशिका, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई उपलबध गराउने छात्रबृत्ति कार्यान्वन निर्देशिका २०७६

**प्रस्तावना**

सुनकोशी गाउँपालिकामा बसोवास गर्ने एसएलसी/एसइइ उत्तीर्ण गरेका प्राविधिक शिक्षा अध्ययन गर्ने वा अध्ययन गर्न चाहने प्राविधिक शिक्षालयमा भर्ना भएका दलित, बालिका, द्वन्द्व पिडीत, अपाङ्ग, गरिवीको चपेटामा परेका, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति तथा विपन्न लक्षित परिवारका विद्यार्थीहरुलाई नियमित छात्रवृत्ति प्रदान गर्ने गाउँपालिकाको नीति रहेको छ। यस्तो छात्रवृत्ति लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट प्रदान गर्न सकियोस भनी यो निर्देशिका तयार गरिएको छ।

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०७६/०९/१०
प्रमाणीकरण मिति : २०७६/०९/१०

**१. प्रारम्भिक**

**१.१ संक्षिप्त नाम, प्रारम्भ र विस्तार**

१.१.१ यो **निर्देशिकाको नाम सुनकोशी गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रबृत्ति कार्यान्वन निर्देशिका** २०७६ रहेको छ।

१.१.२ यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

१.१.३ यसमा लेखिएका प्रावधानहरु सुनकोशी गाउँपालिका भित्र लागु हुनेछ।

**२. परिभाषा**

२.१ "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिका राामटार सिन्धुली सम्झनु पर्दछ।

२.२ "छात्रवृत्ति" भन्नाले गाउँपालिकावाट नियमित वा आंशिक रुपमा विपन्न, शहिद परिवार र प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीका लागि तोकिए बमोजिम नर्म्सको आधारमा प्रदान गरिने रकमलाई जनाउँछ।

२.३ "समिति" भन्नाले यसै निर्देशिका अनुसार गठित छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्दछ।

**३. निर्देशिकाको उद्धेश्य**

**यस निर्देशिकाका उद्धेश्यहरु देहायबमोजिम रहेका छन् :**

३.१ यस छात्रवृत्तिको पारदर्शी र स्पष्ट आधारहरु तयार गर्ने।

३.२ यसरी वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्धेश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने।

३.३ सरोकारवालाहरुलाई छात्रवृत्तिसम्बन्धी जानकारी हरु सहज र सरल तरिकाले उपलब्ध गराउने।

३.४ विनियोजित बजेट र छत्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्गसम्म ब्यवस्थित एवम् पारदर्शी तरिकावाट पुर्याउने।

**४. छात्रवृत्ति व्यवस्थापन समिति :**

**४.१ गाउँपालिकावाट प्रदान गरिने छात्रवृत्ति ब्यवस्थापन गर्न देहायबमोजिम समिति रहनेछ।**

| | | |
|---|---|---|
| २. | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ३. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ४. | लक्षित वर्गको प्रतिनिधित्व हुनेगरी कार्यपालिका सदस्य मध्येवाट गाउँपालिकाले मनोनित गरेको एकजना | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ६. | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

समितिको बैठकसम्बन्धी निर्देशिकासमिति आफैंले तोके बमोजिम हुनेछ।

४.२ **छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार :**

१. गाउँपालिकावाट उपलब्ध गराउने छात्रवृत्तिसम्बन्धी आवस्यक नीति तथा मापदण्ड निर्धारण गर्ने ।

२. निर्धारित नीति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न सिफारिश गर्ने ।

३. छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

४. छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अनुसन्धानात्मक कार्य गर्ने ।

**५. छात्रवृत्तिका प्रकारहरु :**

५.१ **प्राविधिक शिक्षा छात्रवृत्ति** : छात्रवृत्ति उपलब्ध गराइने प्राविधिक शिक्षाको किसिम, छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रक्रिया ः

५.१.१ अध्ययनको विषय

यो छात्रवृत्ति सुनकोशी गाउँपालिका भित्र स्थायी वसोवास गर्ने सामुदायिक विद्यालयवाट एसएलसी/एसइइ उत्तीर्ण विद्यार्थीहरुलाई इन्जिनियरिङ (सिभिल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, मेकानिकल, कम्प्युटर इत्यादी), वनविज्ञान, कृषी तथा भेटनरी विषय अध्ययन गर्न उपलब्ध गराइने छ ।

५.१.२ लक्षित समुह

सुनकोशी गाउँपालिकामा स्थायी बसोवास गर्ने एसएलसी/एसइइ उत्तीर्ण गरेका दलित, बालिका, द्वन्द्व पिडीत, अपाङ्ग, गरिवीको चपेटामा परेका, शहिद परिवार, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति तथा विपन्न लक्षित परिवारका विद्यार्थीहरु यस छात्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन ।

५.१.३ छात्रवृत्ति रकम

उपदफा छ.ज्ञ मा उल्लिखित विषयहरुको पढाइमा लाग्ने लागत खर्चका आधारमा बार्षिक रु ५०,०००/- (पचार हजार) देखि रु १,००,०००/- (एकलाख) सम्म उपलब्ध गराइने छ ।

५.२ **दलित तथा विपन्न लक्षित छात्रवृत्ति** : छात्रवृत्ति उपलब्ध गराइने शिक्षाको किसिम, छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रक्रिया ः

५.२.१ अध्ययनको विषय

यो छात्रवृत्ति सुनकोशी गाउँपालिका भित्र स्थायी वसोवास गर्ने सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न दलित तथा अन्य विपन्न बालबालिकाहरुलाई उपलब्ध गराइने छ ।

५.२.२ लक्षित समुह

सुनकोशी गाउँपालिकामा स्थायी बसोवास गर्ने **विपन्न तथा अनाथ** परिवारका विद्यार्थीहरु यस छात्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन ।

५.२.३ छनौट प्रक्रिया तथा छात्रवृत्ति रकम

विद्यालय व्यवस्थापन समिति तथा वडा कार्यालयको सिफारिशमा छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गर्नेछ । छनौट भएका **विपन्न तथा अनाथ** बालबालिकाहरुलाई बार्षिक रुपमा आवस्यक पर्ने पोसाक तथा स्टेसनरीका लागि आवस्यकता अनुसार बढीमा बार्षिक रु १०,००० . दश हजार सम्म उपलब्ध गराइने छ ।

**५.३ शहिदका छोराछोराहरुका लागि छात्रवृत्ति** : छात्रवृत्ति उपलब्ध गराइने शिक्षाको किसिम, छात्रवृत्ति कोटा निर्धारण तथा वितरण प्रक्रिया :

५.३.१ अध्ययनको विषय

यो छात्रवृत्ति सुनकोशी गाउँपालिका भित्र स्थायी वसोवास गर्ने सामुदायिक विद्यालयमा अध्ययन गर्ने नेपाल सरकारले शहिद घोषण गरेको परिवारका बालबालिकाहरुलाई उपलब्ध गराइने छ ।

५.३.२ लक्षित समुह

सुनकोशी गाउँपालिकामा स्थायी बसोवास गर्ने शहिद परिवारका विद्यार्थीहरु यस छात्रवृत्ति कार्यक्रमका लक्षित समुह हुनेछन ।

५.३.३ छनौट प्रक्रिया तथा छात्रवृत्ति रकम

विद्यालय व्यवस्थापन समिति तथा वडा कार्यालयको सिफारिशमा छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गर्नेछ । छनौट भएका बालबालिकाहरुलाई मासिक रु १०००/- (एकहजार) का दरले बार्षिक रु १२००० अर्धबार्षिक रुपमा उपलब्ध गराइने छ ।

**५.४ छात्रवृत्ति कार्यान्वयन प्रक्रिया :**

५.४.१ गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गर्नेछ । यसरी सूचना प्रकाशित गर्दा सबैले थाहा पाउने गरी विभिन्न माध्यमवाट प्रकाशित गर्नु पर्नेछ ।

५.४.२ योग्यता पुगेका इच्छुक ब्यक्तिहरुले आफु लक्षित समुहको नागरिक हो भन्ने प्रमाण सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

५.४.३ निवेदनसाथ प्राप्त कागजातहरुको अध्ययन गरी समितिले विद्यार्थीहरुको छनौट गर्नेछ ।

५.४.४ निर्धारित कोटाभन्दा वढी निवेदन परेमा समितिले प्राथमिकताका आधारमा छनौट गर्नेछ ।

५.५ **भुक्तानी प्रक्रिया** : प्राविधिक शिक्षा छात्रवृत्ति वापत उपलब्ध गराइने रकम विद्यार्थीले प्राविधिक शिक्षालयमा भर्ना हुँदा तिरेको विल तथा मासिक शुल्क तिरेको विलको आधारमा बार्षिक बार्षिक रुपमा एकमष्ट रकम उपलब्ध गराइनेछ। दलित तथा विपन्न लक्षित छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा वा आवस्यकता अनुसार उपलब्ध गराइने छ साथै बर्षको लागी छात्रवृत्ति रकम प्राप्त गर्नको लागी अध्ययन गरेको कलेजवाट निरन्तर अध्ययन गरिरहेको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

५.६. **कोषको ब्यवस्था** : सुनकोशी गाउँपालिका द्धारा प्रत्येक बर्षको गाउँ सभावाट निश्चित रकम छात्रवृत्ति कोषमा जम्मा गदै लगिनेछ। सोही कोषवाट संकलित निवेदनको आधारमा विभिन्न कलेजमा अधययरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गदै लगिनेछ।

५.७. **स्वयम सेवा गर्नु सकिने** : अध्ययन पछि गाउँपालिकाले तेकेको रकममा गाउँपालिकामा स्वयसेवक रुपमा आपसी समझदारीको आधारमा काम गर्न सकिनेछ।

**छात्रवृत्ति छनौटको मापदण्ड**

| सि.न. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विपन्नता | ५- १० | |
| २ | अध्ययनको उच्चतम अंक | ५- १० | एस.ई इं मा उर्तिण |
| ३ | जातियता | ५-१० | |
| ४ | लिंग | ५-१० | |
| जम्मा | | ४० | |

१. आर्थिक विपन्न :- पाखो वारी ५ रोपनी भन्दा कम , खेती योग्य जमित १ रोपनी भन्दा कम र काठ वा माटोले वनेको घर भएको हुनु पर्ने।

२. अध्ययनको उच्चतव अंकका. वितरण :- डिस्टिशन : ९ माथी फर्स्ट डिभिजनलाई ७ भन्दा माथी र सेकेन्ड डिभिडन र थर्ड डिभिजनलाई : ५ भन्दा माथी

३. दलित तथा लल्प संख्यकलाई ९ भन्दा माथी , जनताजीलाई ७ भन्दा माथी जेहेन्दार लाई ५ भन्दा माथी विपन्न वर्गलाई ७ भन्दा माथी अंक दिन सकिनेछ।

४. लिङ : दलित महिलालाई ९ भन्दा माथी , अन्य महिलालाई ७ भन्दा माथी र पुरुषलाई ६ भन्दा माथी अंक प्रदान गरिनेछ।

## अनुसूची

## छात्रवृत्तिको लागि दिइने निवेदनको ढाँचा

**श्रीमान् अध्यक्ष ज्यू,**

**सुनकोशी गाउँपालिका, रामटार, सिन्धुली ।**

विषय - छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा हाल म ................................................विद्यालयमा .................कक्षामा अध्ययन गरि रहेको/ रहेकी छु । मेरो निम्न आर्थिक अवस्थाको कारणले पढाइमा निरन्तरता दिन समस्य भएकोले मलाई यस गाउँपालिकाबाट उपलब्ध हुने प्राविधक शिक्षा / दलित तथा विपन्न लक्षित / शहिद परिवार छात्रवृत्ति उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु ।

निवेदकको -

दस्तखत :

नाम :

ठेगाना :

मिति :

## निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

**क. प्राविधिक शिक्षा छात्रवृत्तिको लागि**

१. एसएलसी/एसइइ उत्तिर्ण गरेको प्रमाणपत्र

२. सुनकोशी गाउपालिकामा स्थायी बसोवास गरेको प्रमाण ( जन्मदर्ता प्रमाणपत्र/नागरिकताको प्रमाणपत्र)

३. सम्बन्धित वडाबाट लक्षित बर्ग (दलित, द्वन्द्व पिडीत, गरिब, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाती ) को विद्यार्थी हो भन्ने सिफारिश पत्र ।

४. अपाङ्गको हकमा अपाङ्गता परिचय पत्र

५. शहिद परिवारको हकमा सरकारले प्रदान गरेको प्रमाण

६. कलेज वा प्राविधिक शिक्षालयमा भर्ना गरेको प्रमाण, शुल्क तिरेको रषिद र कलेज वा शिक्षालयमा निरन्तर अध्ययनरत रहेको पत्र ।

**ख. दलित तथा विपन्न लक्षित छात्रवृत्तिको लागि**

१. निज विद्यार्थी विपन्नताको कारण विद्यालय जान नसकेकोले छात्रबृत्ति उपलब्ध गराइदिनु भन्ने विद्यालयको पत्र ।

२. निज विद्यार्थी विपन्न परिवारको हो भन्ने सम्बन्धित वडाको पत्र ।

३. जन्मदर्ता प्रमाण पत्र ।

ग. शहिद परिवार छात्रवृत्तिको लागि

१. नेपाल सरकारले शहिद परिवार भनी घोषणा गरेको प्रमाण ।

२. जन्मदर्ताको प्रमाणपत्र ।

आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत